सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३२८ ♦ २०८३ साल भदौ २ मंगलवार ♦ 18 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

## राजनीतिक अस्थिरताले सुस्तायो मधेशको कानुन निर्माण

अजयकुमार साह

**भदौ १ गते, बर्दिवास**




मधेश प्रदेशमा पटकपटक सरकार परिवर्तन र सत्ता समीकरणमा आएको फेर बदलको प्रत्यक्ष असर प्रदेशसभाको कानुन निर्माणमा परेको छ । प्रदेशसभाको दोस्रो कार्यकाल सुरु भएको चार वर्ष बितिसक्दा कानुन निर्माणको गति पहिलो कार्यकालको तुलनामा निकै सुस्त देखिएको छ । गत आर्थिक वर्षमा ३७ वटा बैठक बसे पनि प्रदेशसभाबाट जम्मा छ वटा विधेयक मात्र पारित भएका छन् ।

पारित छ विधेयकमध्ये तीन वटा बजेटसँग सम्बन्धित छन् । बाँकी तीन वटा विषयगत कानुन हुन् । प्रदेशसभा सचिवालयका अनुसार 'प्रदेश विकास खेलकुद विधेयक', 'बालिका संरक्षण विधेयक' र 'प्रदेश बाल अधिकार ऐन पहिलो संशोधन विधेयक' पारित भएका छन् । यी तीनै विधेयक २०८२ साउनमै प्रदेश प्रमुखबाट प्रमाणीकरण भएर कार्यान्वयनमा आएका थिए । बजेटसँग सम्बन्धित तीन विधेयक भने आर्थिक वर्षको अन्त्यतिर असार मसान्तमा मात्र पारित भएका थिए । यसले नियमित कानुन निर्माणका लागि प्रदेशसभामा आवश्यक 'बिजनेस' पर्याप्त रूपमा आउन नसकेको देखाउँछ ।

दोस्रो कार्यकाल सुरु भएयता चार वर्षमा जम्मा १७ वटा विधेयक र एउटा नियमावली मात्र पारित भएका छन् । यसको तुलनामा पहिलो कार्यकालमा मधेश प्रदेशसभाले ६६ वटा कानुन निर्माण गरेको थियो । प्रदेशसभा सचिवालयका उपसचिव एवं सूचना अधिकारी सुरेन्द्र महतोका अनुसार चालु अधिवेशन अझै अन्त्य नभएकाले केही विधेयक पारित हुन सक्ने सम्भावना भने कायमै छ ।

प्रदेशसभामा दर्ता भएका केही विधेयक समितिगत छलफलपछि फिर्ता भएका छन् । 'प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन २०७५' संशोधन तथा 'गाउँसभा, नगर सभा, जिल्लासभाको कार्यसञ्चालन कार्यविधि ऐन २०७७' संशोधन गर्न बनेका विधेयक छलफलपछि फिर्ता भएका हुन् ।

यस्तै, 'प्रदेश बीउबिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१', 'प्रादेशिक व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' र 'मधेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' छलफलका क्रममा छन् । 'प्रदेश जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा बनेको विधेयक' र 'मधेश प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' दर्ता भए पनि सदनमा टेबल हुन बाँकी छन् ।

### सत्ता जोगाउने प्राथमिकताले असर

प्रदेशसभा सदस्यहरूले कानुन निर्माणमा अपेक्षित प्रगति नहुनुको प्रमुख कारण र ाजनीतिक अस्थिरता भएको बताएका छन् । सरकार गठन र विघटन तथा सत्ता समीकरण परिवर्तनमै राजनीतिक दलहरूको ध्यान केन्द्रित हुँदा प्रदेशसभालाई आवश्यक विधेयक उपलब्ध गराउने काम प्राथमिकतामा पर्न नसकेको उनीहरूको भनाइ छ ।

प्रदेशसभाकी उपसभामुख बबिताकुमारी राउत ईशरले सत्ता परिवर्तन र राजनीतिक खिचातानीका कारण प्रदेशसभाले प्रभावकारी रूपमा काम गर्न नसकेको बताउनुभयो । "सत्ताको परिवर्तन र फेरबदलले गर्दा राम्रोसँग काम गर्न सकेनौँ । यो नभइदिएको भए प्रदेशसभाले

*बाँकी पृष्ठ ३ मा*

## औरही नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृतसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

खबर दर्पण समाचारदाता

**भदौ १ गते, बर्दिवास**

महोत्तरीको औरही नगर पालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत निलाम्बर मिश्र मैथलीसहित ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार आर्थिक वर्ष २०७९/८० मा ह्याण्डपम्प/ट्युबवेल (चापाकल) खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीविपरीत मालसामान आपूर्ति गरी गराई भ्रष्टाचार गरेको आरोपमा उनीहरूविरुद्ध मुद्दा दायर गरिएको हो ।

आयोगले तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत मैथली, तत्कालीन लेखापाल विजयकुमार यादव र तत्कालीन योजना शाखा प्रमुख गंगाराम यादवविरुद्ध जनही रु ३६ लाख १३ हजार ३१ बिगो कायम गरी भ्रष्टाचार मुद्दा दायर गरेको जनाएको छ ।

त्यसैगरी तत्कालीन इन्जिनियर सन्तोषकुमार यादव र सब-इन्जिनियर विपिनकुमार मण्डलविरुद्ध जनही रु २० लाख ४९ हजार ४५०, तत्कालीन जिन्सी शाखा प्रमुख शिवशंकर यादवविरुद्ध रु १५ लाख ६३ हजार ५८१ बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।



आपूर्तिकर्तातर्फ लिला आयरन स्टोर्स, औरही-१, महोत्तरी र सोका प्रोप्राइटर विनयकुमार यादवविरुद्ध रु पाँच लाख ३४ हजार ८७६, डि.एम. जेनरल अर्डर सप्लायर्स, जलेश्वर-३, महोत्तरी र सोका प्रोप्राइटर दुधनाथ कुमरविरुद्ध रु ११ लाख ८९ हजार ४७१, श्रीराम इन्टर प्राइजेज, जलेश्वर-३, महोत्तरी र सोका प्रोप्राइटर अमरनाथ कुमरविरुद्ध रु दुई लाख २० हजार १९७ बिगो कायम गरिएको छ । यसैगरी जैसवाल निर्माण सेवा (सिर्जना ट्रेडर्स), औरही-१, महोत्तरी र सोका प्रोप्राइटर रामबाबु चौधरीविरुद्ध रु सात लाख नौ हजार ६२३ तथा क्वालिटी सोलुसन कम्पनी प्रालि., बागडोल-४, ललितपुर र सोका प्रबन्ध निर्देशक मनोजकुमार यादवविरुद्ध रु सात लाख ११ हजार ९०० बिगो कायम गरी मुद्दा दायर गरिएको आयोगले जनाएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम सजायको मागदाबी लिई आयोगले सोमबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको हो ।

## पत्रकार किशोर श्रेष्ठलाई रिहा गर्न सर्वोच्चको आदेश



खबर दर्पण समाचारदाता

**भदौ १ गते, बर्दिवास**

पत्रकार किशोर श्रेष्ठलाई रिहा गर्न सर्वोच्च अदालतले परमादेश जारी गरेको छ ।

उनकी पत्नी सरस्वती श्रेष्ठले सर्वोच्चमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै रिहा गर्न परमादेश जारी गरिएको हो । सर्वोच्चले उनलाई हाजिरी जमानीमा छाडी वा तारिखमा राखेर अनुसन्धान गर्न भनेको हो ।

न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको इजलासले उनलाई रिहा गर्न आदेश दिएको हो ।

जनआस्था अनलाइनमा छापिएको एक समाचार र तस्वीरका कारण वैयक्तिक गोपनीयताको हक हनन भएको भन्दै प्रहरीले उनलाई गत साउन २७ गते पक्राउ गरेको थियो । त्यसयता उनलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको थियो ।

श्रेष्ठले समाचारमा राखेको उक्त तस्वीर जाहेरवाला आफैंले सामाजिक सञ्जालमा प्रविष्ट गरेको देखिएको र उक्त तथ्यलाई विपक्षीले खण्डन गर्न नसकेको आदेशमा उल्लेख गरिएको छ ।

खबर दर्पण
राष्ट्रिय दैनिक



# राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पर्ने पूर्वपश्चिम महेन्द्र राजमार्ग विस्तार गर्न माटोको चरम अभाव

खबर दर्पण समाचारदाता
**भदौ १ गते, बर्दिवास**



राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पर्ने पूर्वपश्चिम महेन्द्र राजमार्ग विस्तार गर्न माटोको चरम अभाव भएको छ। सडक निर्माणका लागि बेस तयार पार्न माटो आवश्यक हुन्छ तर त्यसको अभाव भइरहेको कमला-ढल्केबर-पथलैया सडक आयोजना (पूर्वी खण्ड) ले जनाएको हो। व्यक्तिगत जग्गाबाट माटो किनेर हाल्न खोज्दा पनि पालिकाको कार्यालय, स्थानीय, प्रहरी प्रशासन र डिभिजन वन कार्यालयले बारम्बार रोक लगाउँदा काम गर्नै गाह्रो भएको सडक आयोजना प्रमुख एवं सिनियर डिभिजन इन्जिनियर राजेशकुमार दासले जानकारी दिनुभयो।

मुख्य काम गर्ने बाँकी रहेकाले अहिलेकै अवस्था रहे माटो नै नपाएर ठेक्का अवधिको दुई वर्ष त्यसै खेर जाने अवस्था रहेको प्रोजेक्ट म्यानेजर दासको भनाइ छ। सर्लाही, महोत्तरी र धनुषामा पर्ने ७४.७५ किलोमिटर महेन्द्र राजमार्ग विस्तारका लागि ठेक्का लागेको डेढ वर्ष बितिसकेको छ। अब डेढ वर्ष मात्र बाँकी रहँदा २६ प्रतिशतभन्दा बढी काम हुन सकेको छैन। आयोजना प्रमुख दासका अनुसार सडक विस्तारको प्रगति ०.२३ प्रतिशत मात्र छ।

राजमार्गमा केही दिनदेखि पुल र कलभर्टको काम गर्न खटिएका मजदुरको सङ्ख्या केही बढेको देखिन्छ। चाडपर्व नजिकिएकाले निर्माण व्यवसायीले भुक्तानीका लागि बढी मजदुर खटाएको हुन सक्ने अनुमान छ। आयोजना प्रमुख दासका अनुसार लक्ष्य अनुसार राजमार्गको काम अघि बढाउन कम्तीमा पनि आठ/नौ सय जना मजदुर खटाउनुपर्ने हुन्छ तर ठाउँ ठाउँमा १०/२० जना मजदुर मात्र देखिने गरेका छन्। अहिले अब चाडपर्व नजिकिएकाले पनि मजदुरको सङ्ख्या बढाउनु स्वाभाविक रहेको उहाँको भनाइ छ।

माटो नभएर सडकतर्फको काम हुन नसक्दा निर्माण व्यवसायीले उपलब्ध मजदुरलाई कलभर्ट र पुलको काममा लगाएको दासले बताउनुभयो। माटोको समस्या समाधानका लागि स्थानीय प्रशासन र वन कार्यालयसँग निरन्तर संवाद र समन्वय भइरहेको कमला-ढल्केबर-पथलैया सडक आयोजना (पूर्वी खण्ड) ले जनाएको छ। आयोजनाले आइतबार महोत्तरीका प्रमुख जिल्ला अधिकारी, सुरक्षा प्रमुखसहित अन्य सरोकारवालालाई राखेर माटोको समस्या समाधानका लागि छलफल गरिएको छ। अब क्रमैसँग सर्लाही र धनुषाका सरोकारवालासँग छलफल गरेर माटोको समस्या समाधानका लागि पहल गरिने सडक आयोजनाले जनाएको छ। विश्व बैङ्कको ऋण सहयोगमा विस्तार भइरहेको महेन्द्र राजमार्गलाई बस्ती तथा बजार क्षेत्रमा छ लेनको र अन्य ठाउँमा चार लेनको बनाइने छ।

# नेपाल पूर्व प्रहरी संगठनको स्थापना दिवस जनकपुरधाममा भव्य रूपमा सम्पन्न

खबर दर्पण समाचारदाता
**भदौ १ गते, बर्दिवास**

नेपाल पूर्व प्रहरी संगठनको ३६औँ स्थापना दिवस सोमबार जनकपुरधाममा विविध कार्यक्रमसहित भव्य रूपमा मनाइएको छ।

संगठनले आयोजना गरेको कार्यक्रममा बहालवाला तथा अवकाशप्राप्त प्रहरी अधिकारी, पूर्व प्रहरी कर्मचारी र सुरक्षा निकायका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले पूर्व प्रहरी कर्मचारीहरूले संगठनमा रहँदा राष्ट्र र नागरिकको सुरक्षामा पुऱ्याएको योगदानको प्रशंसा गर्दै अवकाशपछि पनि समाजप्रतिको जिम्मेवारी र अनुशासनलाई निरन्तरता दिनुपर्नेमा जोड दिए।

उनले प्रहरी सेवामा लामो समय योगदान गरेका पूर्व प्रहरी कर्मचारीको अनुभव र ज्ञान समाज तथा नयाँ पुस्ताका लागि महत्वपूर्ण रहेको बताउँदै सुरक्षा क्षेत्रमा देखिएका नयाँ चुनौती सामना गर्न बहालवाला र पूर्व प्रहरीबीचको सहकार्य आवश्यक रहेको धारणा राखे।

कार्यक्रममा सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णु भट्टले प्रहरी सेवामा कार्यरत रहँदा हासिल गरेको अनुभवलाई अवकाशपछि पनि सामाजिक हितमा उपयोग गर्न पूर्व प्रहरी कर्मचारीलाई आग्रह गरे।

उनले पूर्व प्रहरी कर्मचारीको योगदानको सम्मान गर्दै संगठनलाई थप सक्रिय र प्रभावकारी बनाउन आपसी एकता तथा सहकार्य आवश्यक रहेको बताए।

त्यस्तै, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक, प्रहरी निरीक्षकलगायतका प्रहरी अधिकृतहरूको समेत कार्यक्रममा उपस्थिति रहेको थियो।

कार्यक्रममा अवकाशप्राप्त सिनियर अधिकृत, जुनियर अधिकृत तथा पूर्व प्रहरी जवानहरूको उल्लेख्य सहभागिता थियो।

वक्ताहरूले पूर्व प्रहरी कर्मचारीबीच आपसी भाइचारा, एकता र सहकार्य कायम राख्दै संगठनलाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए।

प्रहरी सेवाका क्रममा हासिल गरेका अनुभव र सिकाइलाई समाजको शान्ति, सुरक्षा तथा सामाजिक सेवामा उपयोग गर्नुपर्ने उनीहरूको भनाइ थियो।




स्थापना दिवसका अवसरमा पूर्व प्रहरी कर्मचारीहरूले विगतमा संगठन र राष्ट्रका लागि गरेका सेवाको स्मरण गर्दै आगामी दिनमा पनि समाज र राष्ट्रको हितमा योगदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

कार्यक्रम पूर्व प्रहरी कर्मचारीहरूबीचको भेटघाट, अनुभव आदानप्रदान तथा आपसी सम्बन्ध सुदृढ गर्ने अवसरसमेत बनेको आयोजकले जनाएको छ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाफिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# राजनीतिक अस्थिरताले .....

राम्रो काम गर्न सक्थ्यो,” उहाँले भन्नुभयो ।

जनमत पार्टीका प्रदेशसभा सदस्य चन्दन सिंहले पनि सरकारले प्रदेशसभालाई पर्याप्त विधेयक उपलब्ध नगराउँदा कानुन निर्माण प्रभावित भएको बताउनुभयो । सरकार सत्ता टिकाउने खेलमा केन्द्रित हुँदा जनताको अपेक्षाअनुसार कानुन निर्माण हुन नसकेको उहाँको भनाइ छ ।

गत एक वर्षमा मधेश प्रदेशमा पटकपटक सरकार परिवर्तन भएको थियो । जेनजी आन्दोलनपछि तत्कालीन मुख्यमन्त्री सतीशकुमार सिंहले राजीनामा दिनुभएपछि लोकतान्त्रिक समाजवादी पार्टीका जितेन्द्रप्रसाद सोनल मुख्यमन्त्री बन्नुभयो । विश्वासको मत जुटाउन नसकेपछि उहाँ पदबाट हट्नुभयो । त्यसपछि एमालेका सरोजकुमार यादव मुख्यमन्त्री बन्नुभए पनि विश्वासको मत प्राप्त गर्न नसकेपछि राजीनामा दिनुभयो । त्यसपछि विभिन्न दलको गठबन्धनबाट नेपाली कांग्रेसका कृष्णप्रसाद यादव नेतृत्वमा सरकार गठन भएको हो ।

जसपाका प्रदेशसभा सदस्य उपेन्द्र महतोले केन्द्रको राजनीतिक समीकरणको प्रभाव प्रदेश सरकारमा पर्दा प्रदेशसभा पनि प्रभावित भएको बताउनुभयो। सत्ता भागबन्डाकै कारण प्रदेशसभाको नियमित काम प्रभावित भएको उहाँको भनाइ छ ।

खर्च ३० करोड, विधेयक छवटा

कानुन निर्माण सुस्त भए पनि प्रदेशसभाले गत आर्थिक वर्षमा ३० करोड ३१ लाख ६३ हजार ६८६ रुपियाँ खर्च गरेको छ । प्रदेशसभाका लागि ४६ करोड २३ लाख ८४ हजार रुपियाँ बजेट विनियोजन गरिएकोमा करिब ६५ प्रतिशत खर्च भएको हो । राजनीतिक विश्लेषक रोशन जनकपुरीले संघीय संरचनालाई संस्थागत गर्नेभन्दा राजनीतिक दलहरू सत्ता प्राप्ति र भागबन्डामा केन्द्रित हुँदा प्रदेशप्रति जनताको विश्वास कमजोर हुँदै गएको बताउनुभयो । उहाँका अनुसार संघीयताको औचित्यमाथि प्रश्न उठ्ने अवस्था आउन नदिन प्रदेश सरकार र राजनीतिक दलले जनतासँग प्रत्यक्ष सरोकार राख्ने कानुन तथा नीति निर्माणलाई प्राथमिकता दिन आवश्यक छ ।

मधेश प्रदेश संघीयता स्थापनाको आन्दोलनमा अग्रणी भूमिका खेलेको प्रदेश भए पनि पछिल्लो समयको राजनीतिक अस्थिरता, सुस्त कानुन निर्माण र प्रशासनिक खर्चले प्रदेश संरचनाको प्रभावकारितामाथि प्रश्न उठाउने आधार थपिएको छ ।

# ११ वर्षपछि मिथिला-४ का ११० परिवारले पाए जग्गाधनी पुर्जा

**खबर दर्पण समाचारदाता**

**भदौ १ गते, जनकपुरधाम**



धनुषाको मिथिला नगरपालिका-४ का ११० परिवारले नापजाँच सम्पन्न भएको करिब ११ वर्षपछि जग्गाधनी पुर्जा प्राप्त गरेका छन् ।

नापी कार्यालय धनुषाले साविक कजरारमौल गाउँ विकास समिति अन्तर्गत पर्ने गाउँ ब्लक (स्ववासी) जग्गाको प्रक्रिया पूरा गर्दै स्थानीयलाई जग्गाधनी पुर्जा वितरण गरेको हो ।

उक्त क्षेत्रमा आर्थिक वर्ष २०७१/७२ मै जग्गाको नापजाँच तथा नापनक्साको काम सम्पन्न भएको थियो ।

तर, नापजाँचपछि जग्गा दर्ताका लागि आवश्यक प्रक्रिया अघि बढाउन स्थानीयको जनसहभागिता न्यून भएपछि लामो समयसम्म पुर्जा वितरण हुन सकेको थिएन ।

नापजाँच सम्पन्न भए पनि दर्ता प्रक्रिया पूरा हुन नसक्दा वर्षौंदेखि स्थानीयवासी जग्गाको स्वामित्वसम्बन्धी आधिकारिक प्रमाणबाट वञ्चित रहँदै आएका थिए ।

आयोगमार्फत यसअघि नापनक्सा भइसकेका गाउँ ब्लक तथा स्ववासी जग्गाको बाँकी प्रक्रिया पूरा गरी अहिले पुर्जा वितरण गरिएको नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमारले बताए ।

उनका अनुसार आवश्यक कागजात, विवरण तथा अन्य प्रक्रियाहरू पूरा गरेपछि ११० परिवारलाई ११० थान जग्गाधनी पुर्जा उपलब्ध गराइएको हो ।

लामो समयपछि जग्गाको कानुनी स्वामित्व प्रमाणित गर्ने पुर्जा पाएपछि स्थानीयवासीले राहत महसुस गरेका छन् ।

जग्गाधनी पुर्जा प्राप्त भएपछि जग्गाको स्वामित्व सुरक्षित हुनुका साथै भविष्यमा सम्बन्धित जग्गासँग जोडिएका प्रशासनिक तथा कानुनी काम सहज हुने विश्वास गरिएको छ ।

नापजाँच सम्पन्न भएको लामो समयसम्म पनि दर्ता प्रक्रिया अघि बढ्न नसक्दा गाउँ ब्लक तथा स्ववासी जग्गाका अन्य बासिन्दासमेत पुर्जाको पर्खाइमा रहेका छन् ।

सम्बन्धित निकायले बाँकी जग्गाको प्रक्रिया पनि प्राथमिकताका साथ अघि बढाउनुपर्ने स्थानीयको माग छ ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गणेशमान चारनाथ नगरपालिका, धनुषा

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

लक्ष्मीनियाँ गाउँपालिका, धनुषा



# जनकपुर रिफाइनरीका मालिक दम्पतीसहित ४ जनाविरुद्ध पक्राउ पुर्जी



**खबर दर्पण समाचारदाता**
**भदौ १ गते, बर्दिवास**

जनकपुर रिफाइनरीले भुस खरिद बापतको करिब ५० लाख रूपैयाँ भुक्तानी नगरेको प्रकरणमा चारजनाविरुद्ध ठगी मुद्दा दर्ता भएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय धनुषाले साउन २० गते जनकपुर रिफाइनरीसँग सम्बन्धित चारजनाविरुद्ध ठगी तथा विश्वासघात सम्बन्धी मुद्दा दर्ता गरेको हो। मुद्दा दर्तापछि उनीहरूविरुद्ध पक्राउ पुर्जीसमेत जारी भएको छ।

पक्राउ पुर्जी जारी हुनेमा जनकपुर रिफाइनरीका सञ्चालक वर्ष ३५ कि रइसा टिवडेवाल, ४० वर्षीय उनका पति एव कम्पनीका प्रबन्धक विनित अग्रवाल, ४५ वर्षकै सन्चालिकाका दाइ रोमिल टिवडेवाल र कम्पनीका पर्चेज डाइरेक्टर मुन्ना कुमार सिंह (राकेश) वर्ष ३५ का रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार चारैजनाविरुद्ध जिल्ला अदालत धनुषाबाट पक्राउ पुर्जीको अनुमति प्राप्त भइसकेको छ। उनीहरू हाल फरार रहेको र प्रहरीले खोजी गरिरहेको छ ।

धनुषा प्रहरीका प्रवक्ता डीएसपी मधुसूदन न्यौपानेले चारैजनाको खोजी कार्य जारी रहेको नेपाल प्रेसलाई जानकारी दिए ।

यसअघि जनकपुर रिफाइनरीले भुस खरिद गरेबापत करिब ५० लाख रूपैयाँ भुक्तानी नगरेको विषय सार्वजनिक भएको थियो । नेपाल प्रेसलाई प्राप्त कम्पनीको आन्तरिक सप्लायर लेजरमा रोशन भुसा खरिद बिक्री केन्द्रको नाममा ४९ लाख ४९ हजार ८ सय ८३ रुपैयाँ ५० पैसा बक्यौता देखिएको थियो ।

भुस आपूर्तिकर्ता अनुसार जनकपुर रिफाइनरीको आग्रहमा स्थानीय किसानबाट भुस खरिद गरी उद्योगमा आपूर्ति गरिएको थियो। सुरूमा नियमित भुक्तानी हुँदै आए पनि कारोबार बढ्दै गएपछि रकम भुक्तानी रोकिएको आरोप छ। बक्यौता रकम माग्दा उद्योग प्रवेशमा समेत रोक लगाइएको आपूर्तिकर्ताको आरोप थियो ।

मुद्दा दर्ता भएसँगै अब प्रहरीले फरार रहेका चारैजनालाई पक्राउ गरी अनुसन्धान अघि बढाउने तयारी गरेको छ । यसैबीच, पक्राउ पुर्जी जारी भएका मुन्नाकुमार सिंह (राकेश) ढल्केवर उद्योग वाणिज्य संघका अध्यक्षसमेत हुन् ।

# काउन्सिलको टोली अनुगमन गर्न खोज्दा डेन्टल क्लिनिक बन्द गरेर सञ्चालकहरू फरार

**खबर दर्पण समाचारदाता**
**भदौ १ गते, बर्दिवास**

नेपाल मेडिकल काउन्सिलको टोलीले अनुगमन गर्न खोज्दा डेन्टल क्लिनिक बन्द गरेर सञ्चालकहरू फरार भएका छन् ।

महोत्तरीको गौशाला बजारमा रहेका क्लिनिकहरूको अनुगमन गर्न सोमबार काउन्सिल टोली पुगेको थियो ।

नेपाल डेन्टल एसोसिएसनका केन्दीय अध्यक्ष डा. अजय कुमार शाह, नेपाल डेन्टल एसोसिएसन महोत्तरी-सर्लाहीका अध्यक्ष डा. गंगाराम खर्गा र नेपाल डेन्टल एसोसिएसन धनुषाका महासचिव डा. सुमन कर्णसहितको टोली अनुगमन टोलीमा थियो ।

टोली सम्बन्धित डेन्टल क्लिनिकको निरीक्षण तथा आवश्यक कागजात र सेवा सञ्चालनसम्बन्धी विवरण जाँच गर्न गौशाला बजारमा पुगेको थियो । उनीहरू पुग्दा गौशाला बजारमा रहेका केही डेन्टल क्लिनिक बन्द अवस्थामा रहेको र सञ्चालक सम्पर्कविहीन भई फरार भएको अनुगमनमा गएका डा. अजय कुमार शाहले जानकारी दिए ।

डारु. साहका अनुसार क्लिनिक सञ्चालनसम्बन्धी दर्ता, चिकित्सकको एनएमसी दर्ता, सेवा प्रदान गर्ने जनशक्तिको योग्यता तथा अन्य आवश्यक कानुनी कागजातबारे आवश्यक छानबिन भइरहेको छ। अनुगमनका क्रममा क्लिनिक बन्द गरी सञ्चालक सम्पर्कमा नआएको विषयलाई समेत गम्भीरतापूर्वक लिइएको उनले बताए ।

आवश्यक प्रमाण तथा तथ्य संकलन गरी प्रचलित कानून तथा सम्बन्धित निकायको नियमअनुसार थप कारवाहीको प्रक्रिया अघि बढाइने जानकारी डा.साहले दिए ।


## भू-संरक्षणमा ध्यान दिऔं

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

भू-रक्षाः जीवनको सुरक्षा

**मिथिला नगरपालिका, धनुषा**

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको बिल लिऔं

**गौशाला नगरपालिका, महोत्तरी**

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

**औरही नगरपालिका, महोत्तरी**

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

**मटिहानी नगरपालिका, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,